आर्थिक वर्ष : २०८१/८२
बैठक संख्या :१

आज मिति २०८१/०४/१३ गतेका दिन विरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री ढाकाराम लामिछाने लेखा अधिकृत
श्री दिपक ढुंगाना बरिष्ठ प्रशासन सहायक
श्री विज्ञान के.सी. सब-ईन्जिनियर
श्री सन्तोस पौडेल  कार्यालय सहयोगी

CamScanner

मिति :२०८१/०४/१३

**प्रस्ताव नं. १**

गत आ.व.का योजना तथा कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहको समिक्षा तथा वार्षिक प्रगती प्रतिवेदन माथी छलफल सम्बन्धमा।

**निर्णय नं. १**

विरुवा गाउँपालिकाको आ.ब. २०८०/८१ को बार्षिक बजेटमा समावेश योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा समग्र गाउँपालिकाको सेवा प्रवाह लगायतका क्रियाकलापहरुको विस्तृत समिक्षा गरी चालु आ.व.मा गत आ.व.का सकरात्मक पक्षहरुलाई निरन्तरता दिदै कमजोर पक्षहरुलाई सुधार गरी नतिजाउन्मुख र प्रतिफलमुखी सेवा प्रवाहमा जोड दिने सर्वसम्मतिले निर्णय गरियो। साथै आ.व. २०८०/८१ को बार्षिक प्रगती प्रतिवेदन स्वीकृत गरियो।

**प्रस्ताव नं. २**

आ.व. २०८१/८२ का लागि दररेट निर्धारण सम्बन्धमा।

**निर्णय नं. २**

आ.व. २०८१/८२ को लागि विरुवा गाउँपालिका कार्यालयबाट संचालन तथा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमका लागि जिल्ला प्रशासन कार्यालय, स्याङ्जाले स्वीकृत गरेको जिल्ला दररेटलाई नै विरुवा गाउँपालिका कार्यालयको आधिकारिक दररेटको रुपमा स्वीकृती गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ३**

राजश्व सुधार कार्ययोजना अनुरुप राजश्वको दायरा र दरका सम्बन्धमा अध्ययन गरी सिफारिसका लागि उपसमिति गठन सम्बन्धमा।

**निर्णय नं. ३**

विरुवा गाउँपालिकाको राजश्व सुधार कार्ययोजना, २०८१ ले देखाएका राजश्वका संभावित क्षेत्रको अध्ययन गरी राजश्वको दायरा तथा दररेटको विषय एवं मौजुदा आर्थिक ऐनले निर्दिष्ट गरेका राजश्वको दायरा तथा दररेटको पुनरावलोकन लगायत विविध विषयमा अध्ययन गरी मिति २०८१ कार्तिक मसान्तभित्र कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नेगरी विरुवा गाउँपालिका विधायन समितिका संयोजक नविन कुमार आलेको संयोजकत्वमा तपसिल सदस्य रहनेगरी एक उपसमिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल :

श्री नविन कुमार आले — संयोजक

श्री नोम बहादुर गुरुङ — सदस्य

श्री पालसिङ वि.क. — सदस्य

श्री दिपक ढुङ्गाना — सदस्य

श्री खुम वहादुर थापा — सदस्य सचिव



CS CamScanner

**प्रस्ताव नं. ४**

गा. पा. भित्र सडकको नयाँ ट्र्याक खोल्ने कार्य नियन्त्रण सम्बन्धमा।

**निर्णय नं. ४**

विरुवा गाउँपालिका क्षेत्रभित्रका कुनैपनि स्थानमा सडकको नयाँ ट्र्याक खोल्ने कार्य बन्द गर्ने र यदी कुनै पनि स्थानमा सडकको नयाँ ट्र्याक खोल्नुपर्ने अवस्था भएमा उक्त स्थानको प्राविधिक शाखाबाट प्राविधिक अध्ययन गरी कार्यपालिकाबाट अनुमती लिएर मात्र खोल्ने व्यवस्था गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ५**

उपभोक्ता समिति गठन तथा योजना सम्झौता सम्बन्धमा।

**निर्णय नं. ५**

आ.व. २०८१/८२ को लागि स्वीकृत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने वार्षिक योजना तथा कार्यक्रम कार्यन्वयनका लागि २०८१ भाद्र मसान्तभित्र उपभोक्ता समिति गठन गरिसक्ने तथा २०८१ कार्तिक मसान्तभित्र योजना सम्झौता गरिसक्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ६**

WASH को तथ्याङ्क माथी छलफल तथा प्रमाणीकरण सम्बन्धमा।

**निर्णय नं. ६**

गण्डकी प्रदेशका पालिकाहरूको वास योजना तयार गर्नको लागी गण्डकी प्रदेश सरकारको तर्फबाट ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग (सङ्घीय खानेपानी मन्त्रालयको तर्फबाट) र यस विरुवा गाउँपालिका बीच भएको समझदारीपत्र (MOU) अनुसार खानेपानी, सरसफाई तथा स्वच्छता ( WASH ) कार्ययोजना तयार भएअनुसार निम्नाअनुसारको तथ्याङक संकलन भएको जानकारी गराउँदै प्रमाणित गरिन्छ । सोहि अनुसार निम्नाअनुसारको तथ्याङकको प्रमाणीकरणको साथै आगामी ३ महिना भित्र उक्त वास योजना तयार गरिने निर्णय गरिन्छ ।

**NWASH/MIS मा प्रविष्ट**

घरधुरी संख्याः ४०१
शैक्षिक संस्थाहरूको संख्याः ३४
सार्वजनिक शौचालयः १
स्वास्थ्य संस्थाहरूकोः ११
खानेपानी आयोजनाको संख्याः ३९
खानेपानी उपभोक्ता समिति : १०

CamScanner

**प्रस्ताव नं. ७**
विपद व्यवस्थापन समितिको बैठकका निर्णय सम्बन्धमा।
**निर्णय नं. ७**
मिति २०८१/०३/२२ गतेको अविरल बर्षाका कारण सिर्जित विपदका पिडितहरुलाई राहत, उद्धार तथा पुनर्स्थापनाका विषयमा विपद व्यवस्थापन समितिको मिति २०८१/०४/०९ गतेको बैठकबाट भएका निर्णयहरु सर्वसहमतिले अनुमोदन गरियो।

**प्रस्ताव नं. ८**
मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।
**निर्णय नं. ८**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश अन्तर्गत संचालित मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुसार चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनका लागि मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को अनुसूची ४ बमोजिमको ढाँचामा परियोजना छनोट गरी अवधारणापत्र पेश गर्ने र नियमानुसार उक्त परियोजना कार्यान्वयनको लागि गाउँपालिकाको तर्फबाट नियमानुसार साझेदारी गर्नुपर्ने कुल लागतको २५ प्रतिशत रकम साझेदारी गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ९**
विपद व्यवस्थापन कोषको रकम भुक्तानी सम्बन्धमा।
**निर्णय नं. ९**
विरुवा गाउँपालिका विपद व्यवस्थापन कोषमा मौज्दाद रहेको रकम रु १४,३२,३११/- बाट विपद व्यवस्थापन समितिको बैठकबाट सिफारिस भएअनुसार विपदको राहत तथा क्षतीपूर्ती बापत आवश्यकता अनुसार भुक्तानी गर्ने निर्णय गरीयो।